# स्थानीय राजपत्र

## रुवी भ्याली गाउँपालिकाद्धारा प्रकाशित

खण्डः१०　　　　संख्याः २　　　　मितिः२०८३/०६/२५

भाग-३


# भोटेकोशी बाढी पिडित आर्थिक राहत तथा शैक्षिक सहायता वितरण कार्यविधि, २०८३

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८३।०६।२५

# रुवी भ्याली गाउँपालिका

## भोटेकोसी बाढी पिडित आर्थिक राहत तथा शैक्षिक सहायता वितरण कार्यविधि,२०८३

स्थानीय सरकार

रुवी भ्याली गाउँपालिका,सेर्तुङ,धादिङ।

CamScanner

**रुवी भ्याली गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सेर्तुङ, धादिङ**

**बाढी पिडित आर्थिक राहत तथा शैक्षिक सहायता वितरण कार्यविधि, २०८३**

१. प्रस्तावना:

भोटेकोशीको बाढीबाट मुलुकमा सिर्जित विषम परिस्थितिका कारण यस रुवी भ्याली गाउँपालिका क्षेत्रभित्रका प्राकृतिक प्रकोप (बाढी/पहिरो) मा परी ज्यान गुमाएका व्यक्तिका परिवारलाई तत्काल आर्थिक राहत उपलब्ध गराउन र मृतकका सन्ततिहरूको शिक्षा आर्जन गर्ने अधिकारलाई सुनिश्चित गर्दै राहत स्वरूप शैक्षिक सहायता प्रदान गर्ने उद्देश्यले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ को दफा ४६ र ४८ तथा रुवी भ्याली गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार बमोजिम रुवी भ्याली गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

२. संक्षिप्त नाम र प्रारम्भ:

(क) यस कार्यविधिको नाम "बाढी पिडित आर्थिक राहत तथा शैक्षिक सहायता वितरण कार्यविधि, २०८३" रहनेछ।
(ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि तुरुन्त प्रारम्भ हुनेछ।

३. परिभाषा:

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:
(क) "पालिका" भन्नाले रुवी भ्याली गाउँपालिका सम्झनु पर्छ।
(ख) "समिति" भन्नाले दफा ८ बमोजिमको "विपद् राहत तथा शैक्षिक सहायता व्यवस्थापन समिति" सम्झनु पर्छ।
(ग) "मृतक" भन्नाले भोटेकोशी बाढी तथा सो सम्बन्धी प्राकृतिक प्रकोपका कारण ज्यान गुमाएका रुवी भ्याली गाउँपालिकाका स्थायी बासिन्दा वा सो क्षेत्रमा बसोबास गर्ने व्यक्ति सम्झनु पर्छ।
(घ) "सन्तति" भन्नाले मृतकका आफ्नै छोरा वा छोरी (अविवाहित) सम्झनु पर्छ।
(ङ) "नजिकको हकवाला" भन्नाले कानुन बमोजिम मृतकको हक खाने वा पालनपोषणको जिम्मेवारीमा रहेका पति/पत्नी, छोरा, छोरी, बाबु, आमा वा संरक्षक सम्झनु पर्छ।

४. आर्थिक राहत तथा शैक्षिक सहायताको रकम:

(क) मृतक राहत रकम: बाढीका कारण मृत्यु भएका व्यक्तिको नजिकको हकवालालाई जनही रु. ५०,०००/- (अक्षरेपि पचासहजाररुपैयाँमात्र) आर्थिक राहत उपलब्ध गराइनेछ।
(ख) सन्तति शैक्षिक सहायता: मृतकका विद्यालय वा कलेज उमेरका सन्तति (छोरा/छोरी) भएमा उनीहरूको शिक्षा



CS CamScanner

दीक्षाका लागि एकमुष्ठ रु. ५०,०००/- (अक्षेरेपि पचास हजार रुपैयाँ मात्र) शैक्षिक सहायता रकम प्रदान गरिनेछ। (नोट: मृतकका जतिसुकै सन्तति भए पनि प्रति मृतक परिवार एकमुष्ठ रु. ५०,०००/- मात्र शैक्षिक सहायता दिइनेछ)।

५. सहायता प्राप्तिका लागि आवश्यक योग्यता/शर्तहरू:

(क) मृतकरुवी भ्याली गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्नेछ।
(ख) मृत्युको कारण भोटेकोशी बाढी वा सोसँग सम्बन्धित विपद् (पहिरो, बाढीले बगाएको आदि) भएको प्रमाणित हुनुपर्नेछ।
(ग) शैक्षिक सहायता प्राप्त गर्नका लागि मृतकका सन्ततिहरू कुनै पनि शिक्षण संस्था (विद्यालय/क्याम्पस) मा अध्ययनरत रहेको वा अध्ययन गर्ने उमेर (१८ वर्ष मुनि वा उच्च शिक्षा अध्ययनरतको हकमा २५ वर्ष सम्म) को हुनुपर्नेछ।

६. निवेदन र पेश गर्नुपर्ने कागजातहरू:

राहत तथा शैक्षिक सहायता दाबी गर्नका लागि मृतकको नजिकको हकवालाले सम्बन्धित वडा कार्यालयको सिफारिससहित गाउँपालिकामा निम्नलिखित कागजातहरू संलग्न गरी निवेदन दिनुपर्नेछ:
(क) रीतपूर्वकको निवेदन (अनुसूची-१ बमोजिम)।
(ख) नेपाल प्रहरी वा स्थानीय प्रशासनले तयार पारेको घटना मुचुल्का वा प्रतिवेदन।
(ग) स्थानीय पञ्जिकाधिकारी (वडा कार्यालय) ले जारी गरेको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि।
(घ) मृतक र निवेदक (हकवाला) बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि।
(ङ) निवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
(च) शैक्षिक सहायताको हकमा थप कागजात:

- मृतकका सन्ततिहरूको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि।
- सम्बन्धित विद्यालय वा शिक्षण संस्थामा अध्ययनरत रहेको भनी कलेज/विद्यालयले दिएको अध्ययन प्रमाणित पत्र (Charater/Bonafide Certificate वा भर्ना रसिद)।

७. राहत वितरणको प्रक्रिया:

(क) वडा कार्यालयबाट प्राप्त कागजात सहितको निवेदन गाउँपालिकाको विपद् व्यवस्थापन शाखामा दर्ता हुनेछ।
(ख) प्राप्त कागजातहरूको छानबिन र प्रमाणीकरण दफा ८ बमोजिमको समितिले गर्नेछ।
(ग) समितिले स्वीकृत गरे पश्चात् राहत र शैक्षिक सहायताको रकम निवेदक (हकवाला) को बैंक खातामा सिधै अन्तर-बैंक भुक्तानी (Account Payee Cheque वा EFT) मार्फत जम्मा गरिनेछ। नगद वितरण गरिने छैन।

८. विपद् राहत तथा शैक्षिक सहायता व्यवस्थापन समिति:



CS CamScanner

प्राप्त निवेदनहरूको छानबिन गर्न र राहत वितरण कार्यलाई पारदर्शी बनाउन पालिकामा देहाय बमोजिमको एक समिति रहनेछ:

- गाउँपालिका अध्यक्ष – संयोजक
- प्रमुख प्रशासकीय अधिकृत-सदस्य
- सम्बन्धित वडाका वडा अध्यक्ष – सदस्य
- गाउँपालिकाको शिक्षा शाखा प्रमुख – सदस्य
- लेखा प्रमुख – सदस्य
- विपद् व्यवस्थापन फोकल पर्सन/शाखा प्रमुख – सदस्य सचिव

९. स्रोतको व्यवस्थापन:

यस कार्यविधि बमोजिम वितरण गरिने राहत तथा शैक्षिक सहायता रकम रुवी भ्याली गाउँपालिकाको गाउँपालिका विपद् व्यवस्थापन कोष वा चालु आर्थिक वर्षको बजेटमा तोकिएको शीर्षकबाट व्यहोरिनेछ।

१०. बाधा अड्काउ फुकाउने:

यस कार्यविधिको कार्यान्वयनका क्रममा कुनै अस्पष्टता वा बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाको बैठकले निर्णय गरे बमोजिम हुनेछ र त्यस्तो निर्णय कार्यविधिको अङ्ग मानिनेछ।



CamScanner

## अनुसूची-१

(दफा ६ को खण्ड (क) बमोजिमको)

**विषय: बाढी पिडित आर्थिक राहत तथा शैक्षिक सहायता उपलब्ध गराइपाउँ सम्बन्धमा ।**

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

रुवी भ्याली गाउँपालिका, धादिङ।

महाशय,

उपर्युक्त विषयमा रुवी भ्याली गाउँपालिका अन्तर्गत मिति ......... साल ......... महिना ......... गते भोटेकोशी नदीमा आएको बाढी / सो सम्बन्धी प्राकृतिक प्रकोप (बाढी) मा परी मेरा ............................. पर्ने मृतक ........................................... को मृत्यु भएको हुनाले, "बाढी पिडित आर्थिक राहत तथा शैक्षिक सहायता वितरण कार्यविधि, २०८३" बमोजिम उपलब्ध गराइने आर्थिक राहत तथा शैक्षिक सहायता रकम पाउनको लागि आवश्यक कागजातहरू यसै साथ संलग्न राखी यो रीतपूर्वकको निवेदन पेश गरेको छु।

**१. मृतकको विवरण:**

- मृतकको नाम, थर: ...................................................................
- स्थायी ठेगाना: रुवी भ्याली गाउँपालिका वडा नं. ........
- मृत्यु भएको मिति: ...................................................................
- मृत्युको कारण: भोटेकोशी बाढी

**२. निवेदक (नजिकको हकवाला) को विवरण:**

- निवेदकको नाम, थर: ...................................................................
- मृतकसँगको नाता: ...................................................................
- ठेगाना: रुवी भ्याली गाउँपालिका वडा नं. ........
- नागरिकता नम्बर: ............................. जारी जिल्ला: .............................
- सम्पर्क फोन नम्बर: ...................................................................



CamScanner

**३. शैक्षिक सहायता दाबी गर्ने मृतकका सन्ततिहरूको विवरण (लागू भएमा):**

- सन्ततिहरूको नाम, थर: १. ................................................ उमेर: ....... अध्ययनरत संस्थाको नाम: .................................. २. ................................................ उमेर: ........ अध्ययनरत संस्थाको नाम: ..................................

**४. संलग्न कागजातहरूको सूची:** १. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र । २. नेपाल प्रहरी वा स्थानीय प्रशासनले तयार पारेको घटना मुचुल्का वा प्रतिवेदनको प्रतिलिपि । ३. स्थानीय पञ्जिकाधिकारी (वडा कार्यालय) ले जारी गरेको मृतकको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि । ४. मृतक र निवेदक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि । ५. निवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि । ६. मृतकका सन्ततिहरूको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि (शैक्षिक सहायताको हकमा) । ७. सम्बन्धित शिक्षण संस्थाले दिएको अध्ययरत प्रमाणित पत्र (Charater/Bonafide Certificate) वा भर्ना रसिद ।

तसर्थ, माथि उल्लेखित विवरणहरू ठिक साँचो हो झुट्टा ठहरिएमा प्रचलित कानुन बमोजिम सहुँला,बुझौँला पाउनुपर्ने राहत तथा शैक्षिक सहायता रकम मेरो बैंक खातामा उपलब्ध गराइदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

**निवेदकको:**

दस्तखत: ........................................

नाम, थर: ........................................

मिति: ........................................

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत

छोईसाङ तामाङ



CS CamScanner